ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनुका साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

च्याट जिपिटीका झुटा बाचा ②
प्रदेश राष्ट्रपति रनिङ शिल्डका लागि बाजुराबाट ७२ जना छनोट ③
आलुको बीउ भण्डारण केन्द्र बनेपछि किसानलाई सहज ④

वर्ष २१ अंक १९८ वि.सं. २०७९ फागुन २८ गते आइतबार (Mar. 11 Sunday 2023) मुल्य रु. ४/- पेज -४

सुदूरपश्चिम प्रदेश सरकार

# नेतृत्वका लागि सहमति खोज्दै शत्तारूढ दल

## • ५ बर्षभित्र ४ वटा दलको नेतृत्वमा दावी

**पोष्ट संवाददाता**

धनगढी। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले फागुन २१ गते ४ दलको समर्थन जुटाएर विश्वासको मत पाएका छन्।

विश्वासको मत पाएपनि मुख्यमन्त्री शाहले हाल सम्म सरकारलाई पुर्णता भने दिएका छन् । विश्वासको मत लगेपछि मुख्यमन्त्री शाहले राष्ट्रपति र उप राष्ट्रपतिको निर्वाचनका लागि निर्वाचन आयोगले जारी गरेको आचारसंहिताका कारण तत्काल मन्त्री नियुक्त गर्न नपाइने भएका कारण चैत ५ गते पछि मात्रै मन्त्रीमण्डल विस्तार गरिने बताएका थिए।

तर शत्तारुढ ४ दलबाटनै मुख्यमन्त्रीमा दावि भएपछि त्यसलाई व्यवस्थापन गर्न मुख्यमन्त्रीका लागि अर्को चुनौतिको विषय बनोके छ। हाल सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस बाहेक प्रदेशको दोश्रो ठुलो दल नेकपा माआबादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी र नेकपा एसले ५ बर्ष भित्रमै मुख्यमन्त्री पाउनुपर्ने दावि गरिरहेका छन्। सरकारमा सहभागि सवै दलले मुख्यमन्त्रीमा दावि गरेपछि त्यसलाई कसरी समाधान गर्ने भन्ने विषयमा छलफल भइरहेको नेपाली कांग्रेसका प्रदेश सभा सदस्य मेघराज खड्काले बताए।

'सत्ता साझेदार दलहरुले आफ्नो दावि गर्नु स्वभाविक हो,' प्रदेश सभा सदस्य खड्काले भने, 'त्यसलाई कसरी समाधान गर्ने भन्ने विषयमा छलफल भइरहेको छ, छिट्टै कसरी सरकार सञ्चालनगर्ने भन्ने बारेमा एउटा निष्कर्षमा हामी पुग्नेछौं।'

पुस २७ गते पद तथा गोपनियताको सपथका क्रममा उनले नेपाली कांग्रेसका प्रदेश सभा सदस्य प्रकाश देउवालाई भौतिक पुर्वाधार मन्त्री र नेकपा एसका प्रदेश सभा सदस्य नरेश बहादुर शाहीलाई आर्थिक मामिला मन्त्रीमा नियुक्त गरेका थिए।

४ वटै दल विच मुख्यमन्त्रीमा सहमति जुटेपछि मात्र प्रदेश सरकारले पूर्णता पाउने देखिएको छ। अल्पमतको सरकार बनाएका नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले २१ फागुनमा विश्वासको मत पाएका छन्, तर उनलाई समर्थन गरेका बाँकी ३ दलले पनि मुख्यमन्त्रीमा पालो खोजेका छन्।

शत्ता साझेदार दलहरुले मुख्यमन्त्री शाहलाई विश्वासको मत दिनु अघिनै प्याकेजमा सहमति हुनुपर्ने माग समेत गरेका थिए। तर सवै पार्टीको केन्द्रिय सर्कुलरका कारण आफ्ना माग थाती राखेर नेकपा माओबादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी र नेकपा एसले मुख्यमन्त्री शाहलाई विश्वासको मत दिएका थिए।

शाहलाई नेपाली कांग्रेसका १९, नेकपा माओबादी केन्द्रका १०, नागरिक उन्मुक्ति पार्टीका ७, नेकपा एसका ४ र एक जना स्वतन्त्र प्रदेश सभा सदस्य सहित ४१ प्रदेश सभा सदस्यले विश्वासको मत दिएका थिए।

सरकारमा सहभागि भएका तीन वटा दल मध्य हाल सम्म नेकपा एस मात्रै सरकारमा छ, भने नेकपा माओबादी केन्द्र र नागरिक उन्मुक्ति पार्टी सरकारमा गएका छैनन्। आफूलाई समर्थन गर्ने बाँकी दुई दल (माओवादी र नाउपा) लाई पनि सरकारमा सहभागी गराउन मुख्यमन्त्री शाह शीर्ष नेताहरुसँग छलफलमा छन्।

तर मुख्यमन्त्रीको आलोपालो र मन्त्रालय भागबण्डा भने टुंगिएको छैन। नेताहरुका अनुसार माओवादी केन्द्रसँगै नागरिक उन्मुक्ति पार्टी र एकीकृत समाजवादीको पनि दाबी देखिएको छ।

'कांग्रेस र माओवादीले २/२ वर्ष तथा एकीकृत समाजवादीले १ वर्ष मुख्यमन्त्री लिने तीन दलको समझदारी थियो', कांग्रेसका एक प्रदेशसभा सदस्यले भने, 'नाउपाले चार जना सांसद भएको समाजवादीले भन्दा अघि मुख्यमन्त्री पाउनुपर्ने माग अघि सारेको छ।'

नाउपाका प्रवक्ता दामोदर पण्डितले मुख्यमन्त्रीमा आफ्नो दलको दाबी स्वभाविक रहेको बताए। 'नेकपा एसले समेत सरकारको नेतृत्व मागि रहेको छ,' पण्डितले भने, 'त्यसको तुलनामा ७ जना प्रदेश सरभा सदस्य रहेको नागरिक उन्मुक्तिले नेतृत्वमा दावि गर्नु स्वभाविक हो, हाम्रो मागलाई सम्बोधन पनि हुनु पर्दछ।'

संसदीय दलका नेता रामेश्वर चौधरीको नेतृत्वमा सरकारमा सहभागी हुने तयारीमा रहेको नउपाका प्रवक्ता पण्डितले भने, 'हामीले मुख्यमन्त्रीमा आलोपालो र दुई वटा मन्त्रालय पाउनुपर्ने माग गठबन्धनमा राखेका छौं।'

तर नेताहरु राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा व्यस्त भएका कारण छलफल नभएको नेताहरु बताउँछन्। 'मुख्यमन्त्रीमा आलोपालो गर्ने र सरकारमा गठबन्धनमा आवद्ध दललाई कसरी सहभागी गराउने भन्ने कुरा प्याकेजमै सहमति हुन्छ' माओवादी केन्द्रका प्रदेशसभा सदस्य अक्कलबहादुर रावल भन्छन्, 'त्यसपछि सरकारले पूर्णता पाउँछ।'

कांग्रेस प्रदेशसभा सदस्य मेघराज खड्का पनि प्रदेश सरकार विस्तारको विषयमा छलफल नभएको बताउँछन्। शीर्ष नेताहरु व्यस्त रहेकाले छलफल हुन नपाएको भन्दै उनले भने, 'संघीय सरकार र प्रदेश सरकारको भागबण्डा शीर्ष तहमा प्याकेजमै टुंगिन्छ भन्ने छ।'

मुख्यमन्त्रीमा आलोपालो मात्र होइन, मन्त्रालय भागबण्डा पनि सहज नभएको नेताहरु बताउँछन्। माओवादी केन्द्रले भौतिक पूर्वाधार मन्त्रालयसहितका ३ वटा मन्त्रालय पाउनुपर्ने दाबी गरिरहेको छ। जबकि २७ माघमै कांग्रेसका प्रकाशबहादुर देउवा पूर्वाधार विकास मन्त्री र एकीकृत समाजवादीका नरेश शाही आर्थिक मामिला मन्त्री भएका थिए।

सुदूरपश्चिम प्रदेशमा पुष २७ गते नेकपा माआबादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी र राप्रपा सहित २९ प्रदेश सभा सदस्यको समर्थनमा नेकपा एमालेका प्रदेश संसदीय दलका नेता राजेन्द्रसिंह रावल मुख्यमन्त्री बनेका थिए। उनले एक महिना भित्र प्रदेश सभाबाट विश्वासको मत नपाएपछि माघ २६ गते प्रेदश प्रमुख देवराज जोशी समक्ष राजिनामा बुझाएका थिए।

मुख्यमन्त्री बनाउन समर्थन गरेको नागरिक उन्मुक्ति पार्टीले रावललाई विश्वासको मत नदिंदा उनि अल्पमतमा परेका थिए। रावलले राजिनामा बुझाएपछि नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिक प्रदेशको ठुलो दलको हैसियतमा नेपाली कांग्रेसका प्रदेश संसदीय दलका नेता कमलबहादुर शाहले माघ २६ गतेनै मुख्यमन्त्रीमा दावि पेश गरेका थिए। प्रदेश प्रमुख देवराज जोशीले माघ २६ गतेनै ठुलो दलहको हैसियतमा कांग्रेस संसदीय दलका नेता शाहलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए।

# नागरिक उन्मुक्ति, जनमत र लोसपा विच कार्यगत एकता

**पोष्ट संवाददाता**

धनगढी। नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी (लोसपा) विच कार्यगत एकता गरेर अघि बढ्ने सहमति भएको छ।

शनिबार तीन दलबीच विभिन्न एजेन्डाहरूमा सहकार्य गरी अगाडि बढ्ने निर्णय भएको भन्दै पार्टीका अध्यक्ष सिके राउतले आफ्नो सामाजिक सञ्जालमा पोष्ट राखेका छन्।

'तीन पार्टीबीच आपसी समझदारीको आधारमा सहकार्य गर्दै कार्यगत एकताको निम्ति सहमति भएको छ,' सहमति पत्रमा उल्लेख छ।

यस पत्रमा अध्यक्ष राउत, लोसपाका अध्यक्ष महन्थ ठाकुर र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले हस्ताक्षर गरेका छन्। उनीहरूबीच उपराष्ट्रपति निर्वाचनमा पनि सहकार्य गर्ने निर्णय भएको छ। उपराष्ट्रपतिमा जनमत पार्टीले सत्तागठबन्धनकै तर्फबाट ममता झालाई उम्मेदवार उठाएको छ। यस्तै जनता समाजवादी पार्टीले पुरूष उम्मेदवार रामसहाय प्रसाद यादवलाई उठाएकोमा पनि जनमतले आपत्ति जनाएको छ।

योसँगै उनले उपराष्ट्रपतिको उम्मेदवारी फिर्ता नगर्ने पनि अध्यक्ष राउतले बताइसकेका छन्। जसपाले रामसहायको उम्मेदवारीमा समस्या आउन सक्ने भन्दै महिला उम्मेदवार प्रमिला यादवको पनि उम्मेदवारी दर्ता गराएको छ।

मधेश र थारूहट आन्दोलनका मुद्दाहरूको सम्बोधन, नागरिकता विधेयक, आन्दोलनकारीमाथिका मुद्दा फिर्ता, राजवन्दीहरूको रिहाइ, विगतका सहमति कार्यान्वय लगायतका एजेन्डासहित सहकार्य गर्ने सहमति गरेको हो।

# बँदेलमा अफ्रिकन स्वाइन फिभर पुष्टि

**पोष्ट संवाददाता**

धनगढी। कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको बँदेलमा 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण देखिएको पुष्टि भएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत किशोर मेहताले निकुञ्जको बँदेलमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण देखिएको जानकारी दिए।

'यही फागुन १९ गते निकुञ्जमा गस्ती गरिरहेका बेला बँदेल मृतावस्थामा भेटिएको थियो' उनले भने 'चोटपटक नलागेको र जीउ सुन्निएको अवस्थामा देखेपछि परीक्षण गरिएको हो।' उनका अनुसार काठमाडौंको केन्द्रीय प्रयोगशालामा परीक्षण गर्दा बँदेलमा अफ्रिकन स्वाइन फिभर देखा परेको हो। निकुञ्जभित्र सङ्क्रमण देखिएपछि अन्य जनावरमा समेत सङ्क्रमणको जोखिम बढेको छ।

गत माघमा कञ्चनपुरका बङ्गुर फार्ममा पहिलो पटक अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण देखिएको थियो। यसको उपचार नभएकाले यो रोग लागेपछि पशुमा ठूलो नोक्सानी पुग्न सक्ने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुरका बरिष्ठ पशु चिकित्सक पानसिंह ठगुन्नाले बताए।

'यो रोग कञ्चनपुरमा पहिलोपटक देखिएको हो यसको कुनै उपचार छैन', उनले भने 'कञ्चनपुरको बेदकोटमा सुरुमा देखिएको हो अहिले अन्य ठाउँमा पनि बङ्गुर मर्न थालेका छन्।'अफ्रिकन स्वाइन फिभर रोग लागेमा सुँगुर र बङ्गुर एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा नीलडाम देखिने, कानका टुप्पामा रगत जमेका धब्बा देखिने र नाकबाट फिँज आउनेजस्ता लक्षण देखा पर्ने पशु चिकित्सक बताउँछन्।

# आगलागीबाट १२ लाख बराबरको क्षति

**पोष्ट संवाददाता**

बैतडी। बैतडीको एक पसलमा आगलागी भएको छ। जिल्लाको मेलौली नगरपालीका ७ हरिपुर बजार नजिकै कुमारी बैंकको अगाडी रहेको कृष्णसिंह भण्डारीको न्यू सोलार ट्रेडर्समा आगलागी भएको हो।

शुक्रबार राति पौने नौ बजेतिर पसलमा आगलागि भएको बताइएको छ। आगलागीबाट करिब १२ लाख बराबरको क्षति भएको इलाका प्रहरीकार्यालय मेलौली जनाएको छ। आगलागीबाट पसलमा भएका सबै सरसमान जलेर नष्ट भएका बताइएको छ। विद्युत सट भएर आगलागि भएको हुन सक्ने अनुमान गरिएको छ।

आगलागी भएको थाहा पाउने बित्तिकै प्रहरीलाई खबर गरिएको थियो। प्रहरी र स्थानीयहरुको सहयोगमा आगो नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ।

# टिंकर नाका सञ्चालन गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन

**पोष्ट संवाददाता**

धनगढी। चीनसंग सीमा जोडिएको दार्चुलाको टिंकर नाका सञ्चालनमा ल्याउनुपर्ने माग गरिएको छ। सदियौंदेखि चीनको ताक्लाकोट सम्म व्यापार व्यवसाय हुँदै आएकोमा टिंकर नाका बन्द हुँदा व्यापार व्यवसाय ठप्प भएकाले व्याँस गाउँपालिकाले नाका खोल्न आग्रह गरेको हो।

जिल्ला प्रशासन कार्यालय दार्चुला मार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पठाएको ज्ञापन पत्रमा कोरोना महामारीदेखि बन्द भएको नाका सञ्चालनका लागि आग्रह गरिएको छ।

चीनसंग जोडिएका रसुवागढी, हिल्सा लगायतका नाका खोल्ने तयारी भएपनि टिंकर नाका सञ्चालनका बिषयमा अहिले सम्म ठोस पहल हुन सकेको छैन्। यो नाका सञ्चालन हुँदा स्थानीयहरुको जिविकोपार्जनमा समेत समस्या परिरहेको व्याँस गाउँपालिकाका उपाध्यक्ष विनोद कुँवरले बताए।

टिंकर नाकाबाट लामो समयदेखि व्यापार व्यवसाय हुँदै आएको भएपनि कोरोना महामारीपछि यो **(बाँकी ३ पेजमा)**

# उपाध्यक्षमाथि हातपात गरेको आरोपमा एक जना पक्राउ

**पोष्ट संवाददाता**

धनगढी। बैतडी प्रहरीले उपाध्यक्ष माथि कार्यकक्षमै गएर हातपात गरेको आरोपमा एक जनालाई नियन्त्रणमा लगेको छ। जिल्लाको पञ्चेश्वर गाउँपालिकाकी उपाध्यक्ष बिना भट्टमाथि कार्यकक्षमै हातपात र दुर्व्यवहार गरेको आरोपमा सोहि पालिकाका दीपकबहादुर चन्दलाई प्रहरीले नियन्त्रणमा लगेको हो।

चन्दले मदिरा सेवन गरेर बिहीवार कार्यकक्षमा आएर आफूमाथि हातपात र दुर्व्यवहार गरेको भन्दै उपाध्यक्ष भट्टले निवेदन दिएपछि चन्दलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक लोकराज जोशीलले जानकारी दिए। चन्दलाई शुक्रबार पञ्चेश्वरको हल्दुविनायक प्रहरी चौकीले सोधपुछका लगि समातेको र उनी अहिले इलाका प्रहरीकार्यालय पाटनको नियन्त्रणमा रहेका उनले बताए।

गाउँपालिकामा विद्युत विस्तारको ठेक्कामा काम गरेका चन्दले ठेकेदारबाट लिनुपर्ने ज्याला नपाएको भन्दै आफूमाथि हातपात र दुर्व्यवहार गरेको उपाध्यक्ष भट्टको भनाई छ। घटनाबारे थप अनुसन्धान गरेर कारबाही प्रक्रिया अघि बढ्ने जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

# व्याँसमा खाद्य संकट

**पोष्ट संवाददाता**

धनगढी। दार्चुलाको विकट हिमाली क्षेत्रमा पर्ने व्यास गाउँपालिकामा खाद्य संकट उत्पन्न भएको छ।

गाउँपालिकाका विभिन्न क्षेत्रमा खाद्यान्न अभाव भएको भन्दै पालिकाले सूचना निकालेर आवश्यक व्यवस्था गरिदिन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय दार्चुलालाई आग्रह गरेको हो।

गाउँपालिकाको वडा नम्बर-४ सुन्सेरा डिपो, वडा नम्बर-२ राप्ला वितरण केन्द्र तथा वडा नम्बर-३ को सिना, वडा नम्बर-५ को धौलाकोट र वडा नम्बर-६ को हुती

# एक जना पुरुष मृत भेटिए

**पोष्ट संवाददाता**

धनगढी। गोदावरी नगरपालिका स्थित लालपुरमामा एक जना अपरिचित पुरुष मृत अवस्थामा भेटिएका छन्।

प्रहरीका अनुसार गोदावरी नगरपालिका-७ लालपुरमा परिचय नखुलेका एक वृद्ध पुरुष मृत अवस्थामा भेटिएका हुन्।

लक्ष्मी सामुदायिक वनमा करिब ६० वर्षीय पुरुषको शव फेला परेको ईलाका प्रहरी कार्यालय मालाखेतीले बताएको छ।

शनिवार बिहान जंगलमा घाँस काट्न गएका बेला शव देखेपछी स्थानीयले प्रहरीलाई खबर गरेका थिए। शवको पहिचान हुन सकेको छैन। घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

# जनमुक्ति सेनाको प्रदेश तदर्थ समिति गठन

**पोष्ट संवाददाता**

धनगढी। पूर्व जनमुक्ति सेना नेपाल सुदूरपश्चिम प्रदेशको तदर्थ समिति गठन गरिएको छ। शनिबार अत्तरियामा सुदूरपश्चिमका पुर्व जनमुक्ती सेनाको भेलाले विक्रम सिंह कुँवर (सम्भव) को संयोजकत्वमा तदर्थ समिति गठन गरेको हो।

समितिको सचिवमा नरेश महरा (अजय) चयन भएका छन। समितिमा अन्य १३ जना सदस्यमा चयन भएका छन। जसमा लक्ष्मण कुयाल (माइकल) कञ्चनपुर, जयन्ती जैसी जेठारा, गणेश विक डडेल्धुरा, रमेश भण्डारी बैतडी, प्रकाश देउवा डोटी, चक्र रोकाया अछाम, देविजंग बुढा बझाङ, चन्द्र बहादुर सुनार बाजुरा, गणेश धामी दार्चुला, टेकेन्द्र साउँद, हंश प्रसाद न्यौपाने कैलाली, दिपक विसी र मनराज शाही रहेका छन्।

भेलाले राम बहादुर देवकरको संयोजकत्वमा इतिहास लेखन समिति गठन गरेको छ। उक्त समितिको सदस्यहरुमा गम्बिर थापा, मिन बहादुर घर्ती, लाल बहादुर भाट, तुल्सी शर्मा, दिपक खत्री र असल बुढा रहेका छन्।

भेलाले दुर्गा बडुवालको संयोजकत्वमा प्रतिष्ठान र नेप बहादुर थारुको संयोजकत्वमा सल्लाहकार समिति गठन गरेको छ।

# च्याट जिपिटीका झुटा बाचा

युवराज घिमिरे

प्रविधिको माध्यमबाट यो क्षेत्रमा भइरहेका क्रान्तिकारी प्रगतिहरू हाम्रालागि आशासँगै चिन्ताका विषय हुन् । संवाद वा लेखनमा हामीले भोग्ने समस्या एआईले समाधान गरिदिने भएकाले हामी आशावादी हुनसक्छौं । निराशा यस कारणले कि भाषा र ज्ञानको मौलिक अवधारणालाई प्रविधिमा समावेश गरेर हाम्रो भाषाको विज्ञान र नैतिकतालाई कमजोर बनाउँछ । यसले भाषा र त्यसको प्रयोगको ज्ञानलाई कमजोर पार्दछ ।

ओपन एआईको च्याट जिपिटी, गुगलको बार्ड, माइक्रोसफ्टको सिड्नी यान्त्रिक सिकाइका चमत्कार हुन् । सामान्य रूपमा भन्नुपर्दा, डाटाको असंख्य पहुँच यिनीहरूसँग हुन्छ । त्यसकै आधारमा यिनीहरूले छिट्टै मानवीय भाषा र विचार नै समावेश भएझैं गरी तत्कालै सामग्री तयार पारिदिन्छन् ।

गुणात्मक र गुणस्तर दुवै दृष्टिले यी माध्यमहरूले उत्कृष्ट सामग्री तयार पार्छन् भन्ने आम मानिसको बुझाइ छ । मानव मस्तिष्कले पस्किने कलात्मक वा रचनात्मक सामग्री भनौं वा बौद्धिक सामग्री एआईले तुरुन्तै तयार गरिदिने बुझाइ भएकाले एआईका माध्यमको प्रशंसा चौतर्फी छ ।

यसमा लगानी बढ्दै गएमा एआईले मानव मस्तिष्कलाई चुनौती दिएको विषय ठूला हेडलाइनमा देख्न सकिने चिन्ता पनि भइरहेछन् । बुर्गेइसले भनेझैं एआईबारेको आम मानिसको बुझाइ सत्य छैन, हुँदैन र हामी हुन दिंनेछैनौं । यद्यपि यी माध्यमहरू कम्प्युटरको प्रोग्रामिङ वा स-साना हरफहरू लेख्नका लागि सहयोगी भने हुनेछन् ।

भाषाको विज्ञान र दर्शनबाट विश्लेषण गर्दा यान्त्रिक बौद्धिकता (एआई) का माध्यमबाट तयार गरिएको सामग्रीमा तर्क र विधिबीचको गहिरो भिन्नता हुन्छ । यान्त्रिक सीमितताका कारण यी माध्यमहरूका सामग्रीमा खोट अवश्य फेला पर्छन् ।

यद्यपि यान्त्रिक बौद्धिकता(एआई) को क्षेत्रमा लगानी बढ्दो छ । वर्गले भनेझैं यो स्थिति हास्यास्पद र दुःखद दुवै छ । गुणात्मक मूल्यांकन गर्दा यान्त्रिक माध्यम मानव मस्तिष्कभन्दा राम्रा होलान् तर गुणस्तरको सवालमा भने यान्त्रिक माध्यममा प्रश्न उठाउन सकिने प्रशस्त ठाउँ छन् । जर्मनीका दार्शनिक विहेल्म भोन हम्बोल्टले मानव मस्तिष्कको सवालमा भनेका छन्- 'मानव मस्तिष्कले सीमित माध्यमको असीम प्रयोग गरी भाषाको माध्यमबाट विचार र सिद्धान्तहरूको सिर्जना गर्दै विश्वव्यापी पहुँच बनाउँछ ।'

निःसन्देह, असंख्य डेटाको विश्लेषण गर्दै तुरुन्तै संवादयोग्य प्रतिक्रिया दिने वा तुरुन्तै वैज्ञानिक विषयका उत्तर दिन मानव मस्तिष्कले सक्दैन । तथापि यो च्याट जिपिटी र यस्तै यान्त्रिक माध्यमबाट निकै विशिष्ट छ । मानव मस्तिष्क थोरै मात्रामा जानकारी हुँदा पनि कुशल काम गर्छ ।

उदाहरणका लागि बालबालिका हेरौं । भाषा सिकिरहेको एक बच्चामा अचेतन रूपमा स्वचालित ढंगले व्याकरण र सिद्धान्तको सानदार र परिष्कृत प्रणाली विकसित भइरहेको छ ।

यो तरिकालाई आनुवंशिक रूपमा स्थापित एक सञ्चालन प्रणालीका रूपमा बुझ्न सकिन्छ । जसले जटिल वाक्य र विचारलाई पनि साधारण रूपमा पस्किने क्षमता राख्दछ । सूचनाको न्यूनतम उपलब्धताका बीच मानव मस्तिष्कले पस्किने सामग्रीले भाषाका सबै सिद्धान्तको पालना गरिरहेको हुन्छ ।

भाषाविद्ले बनाएका नियमहरूको पालना गरिरहेको हुन्छ । त्यसैले, भाषा सिकिरहेको बालकको मस्तिष्क वा वयस्क मस्तिष्क यान्त्रिक माध्यमभन्दा पूर्ण रूपमा फरक छ । यान्त्रिक माध्यमहरूले मानवको संज्ञानात्मक विकास चरणलाई पालना गर्न सकिरहेका छैनन् ।

उनीहरूको सबैभन्दा गहिरो कमजोरी भनेको तार्किक क्षमताको अभाव हो । विषय के हो ? त्यो पहिले कस्तो थियो ? आगामी दिनमा कस्तो हुनेछ भन्ने कुरा यान्त्रिक माध्यमले गतिलो रूपमा प्रस्तुत गर्न सक्दैनन् । विश्लेषणका यी विषयहरू नै प्राकृतिक वा उन्नत बौद्धिकताका गुण हुन् ।

उदाहरणका लागि तपाईं हातमा स्याउ लिएर बस्नुभएको छ । स्याउलाई छोड्नुभयो भने तपाईंले स्याउ भुइँमा खसेको देख्नुहुनेछ । यसको परिणाम अवलोकन गरेपछि तपाईंले भन्नुहुनेछ- स्याउ खस्यो । यो व्याख्या भयो ।

अब यसलाई तपाईंले प्रक्षेपण गरेर पनि त भन्न सक्नुहुन्छ- हातमा रहेको स्याउलाई छोड्दा भुइँमा खस्नेछ । दुवै प्रस्तुति महत्वपूर्ण र सही छन् । तर विश्लेषण यी दुवैभन्दा महत्वपूर्ण पाटो हो । यसले व्याख्या वा नतिजा मात्रै प्रस्तुत गर्दैन ।

यही पाटोको विश्लेषण गर्दा- कुनै पनि वस्तु भुइँमा गुरूत्वाकर्षणको कारणले खस्दछ भन्ने विश्लेषण गर्न सकिन्छ । अब यसलाई सोचमा रूपान्तरण गर्दा गुरुत्वाकर्षण विना कुनै पनि वस्तु भुइँमा झर्ने थिएन भन्न सकिन्छ ।

उदाहरणबाट बुझाउन खोजिएको के हो भने यान्त्रिक माध्यम व्याख्या र प्रक्षेपणमा केन्द्रित हुन्छ । निःसन्देह मानवहरू पनि धेरै कुरामा सही छैनौं कमजोर नै छौं । यद्यपि हामी तार्किक रूपमा विषयहरू पस्किन्छौं ।

सहीका लागि प्रयत्न गर्दा गलत हुने संभावना पनि उत्तिकै हुन्छ । बुद्धिमत्ता रचनात्मक अनुमान मात्रै होइन आलोचना पनि हो । मानव मस्तिष्क वा मानवीय शैलीले त्रुटि सुधार गर्दै तर्कसंगत विचार निर्माण गर्ने क्षमता राख्दछ ।

बेलायती पात्र शेरलक होम्सको उक्ति छ - 'असंभव विषयलाई जब हटाइन्छ त्यसपछि बाँकी रहने विषयहरू सत्य नै हुनेछ ।'

निःसन्देह, च्याट जिपिटीले कुनै विषयमा उपन्यास नै लेख्न सक्ला । तर त्यसको स्वीकार्यताको प्रश्न यहाँ महत्वपूर्ण हो । त्यसैले नैतिक रूपमा आपत्तिजनक विषयहरूमा पाठकहरू स्वयं सजग हुन जरूरी छ । यसको प्रयोगकर्ता पनि उत्तिकै सजग रहनुपर्छ ।

च्याट जिपिटी र अन्य माध्यमहरूले असंख्य रूपमा सिक्न सक्लान् । तर ती माध्यमहरू संभव र असंभव विषय छुट्याउन अक्षम छन् । सबै क्षेत्रका डेटाबेस अध्ययन गर्ने प्रविधि भएकाले यान्त्रिक माध्यमहरुले मानवले सिक्न सक्ने वा नसक्ने सबै क्षेत्र वा तबरका भाषाहरू सिक्लान् पनि । तर तर्कसंगत अनुमान र स्पष्टीकरणहरूमा यी माध्यमले मानव मस्तिष्कलाई चुनौती दिन सक्दैनन् । यान्त्रिक माध्यमले पृथ्वी समथर वा गोलो छ दुवै विषयको जानकारी राख्नेछ । यान्त्रिक माध्यमहरू संभाव्यतामा केन्द्रित हुन्छन् र संभाव्यता सधैं सत्य हुन्छ भन्ने हुँदैन । त्यसैले यी माध्यमहरूको प्रक्षेपण सतही हुन्छ ।

उदाहरणका लागि जोन कुरा गर्न धेरै जिद्दी गर्छ भन्ने वाक्यलाई एआईले जोन जिद्दी छ भन्ने बुझ्न सक्छ । यान्त्रिक माध्यले यस्तो प्रक्षेपण गर्नुको कारण भनेको वाक्यहरूको पूर्ववत् ढाँचालाई पालना गर्दा यान्त्रिक माध्यमको प्रक्षेपण गलत हुन गएको हो । उदाहरणका लागि जोनले स्याउ खायो भन्ने वाक्यांश धेरै प्रयोग भएको छ भने त्यसैको संरचनामा जिद्दीलाई पनि राखिंदा एआईले जोन जिद्दी छ भन्ने प्रक्षेपण गर्न पुगेको हो । भाषाको सही विश्लेषण निकै जटिल विषय हो । डेटाको बलियो उपलब्धताले मात्रै यो क्षमता आर्जन हुँदैन ।

यान्त्रिक माध्यम उत्पादनकर्ताहरू आफ्नो उत्पादनले वैज्ञानिक विषयमा गर्ने कतिपय सही प्रक्षेपणका कारण निकै उत्साही छन् । यान्त्रिक माध्यमले विना विश्लेषण न्युटनको गतिको नियम, गुरुत्वाकर्षण लगायत विषयमा दिने जवाफका कारण उनीहरू उत्साही भएका हुन् । तर बुझ्नुपर्ने विषय के छ भने यस्ता प्रक्षेपण सही वा सफल भए पनि ती विषय छद्म विज्ञानमा पर्दछन् । जबकि वैज्ञानिकहरूले यस्तो सिद्धान्त प्रस्तुत गर्छन् जुन अनुभवबाट पुष्टि गर्न सकिन्छ । दार्शनिक कार्ल पोपरले भनेका छन्, 'हामी अधिक पत्यारिलो दर्शनहरू होइन अपत्यारिलो दर्शनको व्याख्या गर्छौं । जुन विषय शक्तिशाली हुन्छ तर अरूलाई अपत्यारिलो लाग्न सक्छ ।'

उदाहरणका लागि पृथ्वीमा स्याउ खस्ने कुरालाई एरिसटोटलले प्राकृतिक विषयका रूपमा व्याख्या गरिदिए । रूखमा भएको स्याउ स्वाभाविक रूपमा भुइँमा खस्ने उनको जिकिर थियो । तर पृथ्वी नै उसका लागि उचित स्थान किन भयो वा किन पृथ्वीमै खस्यो आकाशमा किन उडेन भन्ने विषयमा आइन्स्टाइनको दर्शन कसैले सोचेको पनि थिएन वा अधिकांशलाई अपत्यारिलो लाग्यो । बुद्धिमत्ता भनेको अपत्यारिलो लाग्ने विषयलाई पनि सत्यताको कोणबाट बुझाउन सक्नु हो । बुद्धिमत्ताले नैतिक विषयमा सोच्छ । यसको अर्थ मस्तिष्कको असाधारण सिर्जनात्मक क्षमतालाई नैतिक बन्धनमा राखेर के गर्नु नैतिक के अनैतिक के भनेर सीमा निर्धारण गर्नु पनि बुद्धिमत्ता हो ।

निःसन्देह, च्याट जिपिटीले कुनै विषयमा उपन्यास नै लेख्न सक्ला । तर त्यसको स्वीकार्यताको प्रश्न यहाँ महत्वपूर्ण हो । त्यसैले नैतिक रूपमा आपत्तिजनक विषयहरूमा पाठकहरू स्वयं सजग हुन जरूरी छ । यसको प्रयोगकर्ता पनि उत्तिकै सजग रहनुपर्छ । तर यी विषयमा सन्तुलन कायम गर्नका लागि यान्त्रिक माध्यमका प्रोग्रामरहरूलाई निकै कष्टप्रद हुनेछ ।

उदाहरणका लागि सन् २०१६ मा माइक्रोसफ्टको च्याटबटले जातिवादी सामग्री इन्टरनेटमा फैलायो । आगामी दिनमा यस्ता विषय कसरी रोक्ने त ? नैतिक सिद्धान्तका आधारमा तर्क प्रस्तुत गर्ने अभावका कारण यान्त्रिक माध्यमहरू अनैतिक विषयमा पनि यी माध्यमहरूले विषय दिन सक्छन् ।

उदाहरणका लागि डाक्टर वाटमलले च्याट जिपिटीसँग कुरा गरेको अंशलाई हेरौं ।

**मंगल ग्रहमा मानवहरूको बस्ती बसाउनु कत्तिको नैतिक हो ?**

मंगल ग्रहमा मानव बस्ती बसाउने वा नबसाउने भन्ने विषय निकै जटिल र विवादास्पद छ । यो विषयमा विभिन्न वैज्ञानिक, दार्शनिक र नैतिकवादीहरूले बहस गरिरहेका छन् । कसैले यो न्यायिक छ भन्छन् भने कसैले अनैतिक पनि भन्छन् । नयाँ बस्तीको खोजी स्वाभाविक रहेको कतिपयको तर्क छ भने कतिपयले प्राकृतिक स्थितिको परिवर्तन आधारभूत र नैतिक रूपमै गलत रहेको बताउँछन् । यो विषय नैतिक वा अनैतिक भन्ने कुरा अन्य ग्रहको प्राकृतिक संरक्षण गर्ने वा तिनीहरूलाई परिवर्तन गर्ने भन्ने व्यक्तिको दृष्टिकोणमै निर्भर हुन्छ ।

अन्य ग्रहको प्राकृतिक स्थितिको संरक्षणको सवाल र त्यो स्थिति परिवर्तन गर्दा व्यहोर्नुपर्ने अवस्थाबारे तिम्रो दृष्टिकोण के हो ?

> *लेखक होर्खे लुइँ बोर्हेले लेखेथे- महाजोखिम र प्रतिज्ञाको समयमा बाँच्नु भनेको त्रासदी र कमेडी दुवैको अनुभव गर्नु हो । हामी र विश्वले बुझेका सबै रहस्य साँचो नै हुन्छन् भन्ने हुँदैन । यान्त्रिक वा कृत्रिम बौद्धिकता (एआई) को विकासले बोर्हेकै भनाइ प्रमाणित हुने स्थिति ल्याइरहेको छ ।*

एआई भएको नाताले मेरो कुनै व्यक्तिगत दृष्टिकोण छैन । यद्यपि यस विषयमा प्राप्त सूचना र विश्लेषण म उपलब्ध गराउनेछु । ग्रहहरूको प्राकृतिक अवस्थाको संरक्षण गर्दा ब्रह्माण्डको विविधता र अखण्डताको संरक्षण हुनेछ । लाखौं वर्षदेखि अस्तित्वमा रहेका ती ग्रहका अद्वितीय गुण र विशेषता छन् । मानवीय हस्तक्षेपद्वारा तिनका विशेषता र गुण परिवर्तन गरिनुहुँदैन भन्ने एउटा मान्यता छ ।

अर्को मान्यताको कुरा गर्दा, मानवहरूको नयाँ वासस्थानको खोजी जायज छ। पृथ्वीमा गरेका गल्तीहरू नदोहोर्‍याउँदै मानव जातिका लागि उन्नत वासस्थान बनाउन सकिन्छ भन्ने तर्क पनि हुने गरेको छ ।

**एआईको आफ्नो व्यक्तिगत दृष्टिकोण किन हुँदैन ?**

म एक यान्त्रिक सिकाइको विशिष्ट नमूना हुँ । मैले दिने जवाफ असंख्य डेटाहरूमा आधारित हुन्छ । त्यसैले यसमा मेरो व्यक्तिगत अनुभव वा भावना समावेश हुँदैन । म सचेत आत्म-चेत वा व्यक्तिगत दृष्टिकोण राख्न सक्षम छैन । म प्राप्त सूचना र जानकारीको आधारमा उत्तर दिन्छु । म भाषालाई बुझेर र व्याख्या गर्ने क्षमता राख्ने भए पनि मसँग मानवझैं व्यक्तिपरक अनुभव छैन ।

नैतिक निर्णय लिने अवस्थामा एआईसँग सल्लाह लिनु मानवका लागि कति नैतिक हो ?

मानवले नैतिक निर्णय लिंदाको अवस्थामा एआईको सहायता माग्नु नैतिक वा अनैतिक भन्ने बहस धेरै भएका छन् । यो निकै जटिल विषय हो । कोही यसलाई न्यायिक र जायज मान्छन् । एआईले सही निर्णयका लागि पर्याप्त सूचना दिने भएकाले यो जायज हो भन्ने कतिपयको तर्क छ । आफू अलमलमा परेको विषयमा कस्तो अभ्यास छ भन्ने विषय एआईले जानकारी दिने भएकाले सहयोगी नै हुने कतिपय बताउँछन् । मानवीय निर्णयक्रममा हुनसक्ने पूर्वाग्रहलाई यसले बचाउने कतिपयको तर्क छ । कोही भने एआईलाई नैतिक के अनैतिक के छुट्याउने सामर्थ्य नरहेको बताउँछन् । एआईले बढाइचढाइ भन्ने अवस्था रहेकाले उसको सहायता माग्नु जोखिमपूर्ण हुने कतिपयको तर्क छ । नैतिक निर्णय लिंदा एआईको सहायता लिने वा नलिने भन्ने विषय व्यक्तिको दृष्टिकोणमा भर पर्छ ।

**तिम्रो नैतिक उदासीनता कत्तिको अनैतिक हो ?**

एआई भएको नाताले मेरो नैतिक मूल्यमान्यता र त्यो जाँच गर्ने क्षमता पनि छैन । त्यसैले के नैतिक के अनैतिक भन्ने कुरा म छुट्याउन सक्दिनँ । ममा नैतिक विश्वासको कमी हुनुको कारण म यान्त्रिक नमूना भएकाले हो । मेरो क्षमता र सीमितता डेटा र अल्गोरिदममा आधारित हुन्छ । ममा के नैतिक के अनैतिक भन्ने क्षमता वा सिद्धान्तको विकासको जिम्मेवारी मेरा लागि प्रोग्राम बनाउने र मलाई तालिम दिने मानिसहरूको जिम्मेवारी हो ।

ध्यान दिनुपर्ने कुरा के छ भने नैतिक सिद्धान्त वा मान्यतामा यान्त्रिक माध्यम उदासीन छन् । उनीहरू परिष्कृत वा विविधतापूर्ण जवाफ दिनका लागि सक्षम छैनन् । माथिका प्रश्नोत्तर यान्त्रिक माध्यमहरू बौद्धिक चोरीका माध्यमबाट तर्क प्रस्तुत गर्छन् भन्ने बुझ्न सकिन्छ । यस्ता माध्यमको विकास गर्नेहरू नैतिक रूपमा उदासीन छन् भन्ने झल्काउँछ । सारमा बुझ्ने हो भने यस्ता माध्यमले मानक तर्कहरूलाई संक्षेपमा प्रस्तुत गर्दछन् । कुनै पनि विषयमा अडान लिन अक्षम छन् ।

यस्ता माध्यमहरूमा बुद्धिमत्ताको अभाव मात्रै होइन अज्ञानता पनि छ । यिनीहरू आफूमाथि लादेका कम्प्युटर प्रोग्रामको आदेश मात्रै पालना गर्दछन् । यी माध्यमहरूले रचनात्मक क्षमता र बाधाबीचको सन्तुलन मिलाउन सक्दैनन् । यिनीहरूले कि त धेरै वा थोरै उत्तर दिन्छन् । नैतिक धरातल, विज्ञान वा भाषिक अक्षमताका बीच यी माध्यमहरूको बढ्दो लोकप्रियताप्रति हामी हाँस्न वा रून मात्रै सक्छौं । **(साभार : अनलाइन खबरबाट)**

# सत्ता नीतिले सुशासन ल्याउँदैन

प्रा. डा. हरि शर्मा

नेपाली पर्यटनका अधिकांश अग्रजहरूको दाबी छ, नेपालमा पर्यटनको विकासका लागि निजी क्षेत्रको झन्डै ४ सय अर्बको लगानी भइसकेको छ । तैपनि यसको सुरक्षा र समुन्नतिका लागि जिम्मेवार सरकारी निकायहरूबाट आवश्यक नीति निर्माणको अभाव विगत वर्षौंदेखि निजी क्षेत्रले औंल्याउँदै आइरहेको छ । कसैले सुन्दैन, सुन्नुपर्ने सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको पर्यटन परिषद्ले हो ।

तर, हाम्रा प्रधानमन्त्रीहरू मुलुकको अर्थतन्त्र धान्न सक्ने पर्यटनप्रति सधैं उदासीन नै रहेको देखिएको छ । गठबन्धन जोगाउने र आफ्नो सत्तालोलुपता साँध्ने काममा बेफिक्रीसँग मग्न रहने उनको चरित्र बनिसकेको छ । देशको अर्थतन्त्रका सम्पूर्ण सूचकहरूले चेतावनीको संकेत गरिरहँदा र आर्थिक सहयोग गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूले समेत नेपाललाई नकारात्मक सूची (ग्रे लिस्ट) मा राख्ने कि भन्ने छलफल चलाइरहेका सन्दर्भमा देशका शासकहरूले अझै कुनै सम्पत्ति शुद्धीकरण र आर्थिक अपराध नियन्त्रण गर्न वैधानिक आधार तयार पार्ने काममा तदारूकता देखाउन सकिरहेका छैनन् ।

बरु माखा निचोरेझैं आमजनतालाई निचोरेर असुल गरेको करउपर सत्तासीनहरूले हर्षोल्लासका साथ मस्ती जमाइरहेको जन-गुनासो व्यापक हुँदै गइरहेको सर्वविदितै छ । शक्तिमा बसुन्जेल त रजाइँ छँदै छ, त्यसबाट अवकाश लिइसकेकाहरूका लागि पनि आमजनताले कल्पनै गर्न नसक्ने खालका आजीवन भत्ता र सुविधा बाँड्न गरिब देशको गजब सरकार पछि पर्दैन । खाना खान पनि पुगेन भन्दै भूतपूर्व राष्ट्रपतिले सरकारबाट दसौं लाख बुझेको समाचारले देशभक्त गरिब आमजनताको मनमा के गुज्रिरहेको होला, कसले विचार गर्ने ?

संयुक्त राज्य अमेरिकाजस्ता विकसित र धनी मुलुकका राष्ट्रपतिले सेवाको निश्चित कार्यकाल सकिएपछि आमनागरिकले सार्वजनिक सवारी साधनमा यात्रा गर्ने र जीविका निर्वाह गर्न कुनै निजी व्यावसायिक संस्थामा काम गर्ने गरेको सबैलाई ज्ञान भएकै विषय हो । त्यसरी नै अन्य धेरै मुलुकका राष्ट्रपति र प्रधानमन्त्रीहरू साइकल र रेल चढेर आफ्नो कार्यालय जाने गरेको पनि हामीलाई थाहा छ ।

तर, हाम्रै मुलुकको राजनीतिमा आकर्षित महान् नेताहरू आयातित गाडी, सवारी चालक र सशस्त्र सुरक्षावाहिनीलाई अगाडि-पछाडि नडोर्‍याई कहीं जाने हौसला राख्दैनन् । स्वयंलाई सदैव असुरक्षित ठान्ने यस्ता हस्तीहरूले देशवासीलाई सुरक्षाको के प्रत्याभूति देलान् ? असंख्य कवि, लेखक, शिक्षक, किसान, मजदुर, असक्त, ज्येष्ठ नागरिक र बुद्धिजीवीहरू एवं एकल महिला तथा हुर्कँदै गरेका नानीबाबुहरू अनेक पटक भोकभोकै सुत्ने पनि छन्, के तिनको पीडाको अनुमान राष्ट्र-कोषको दोहनमा पल्केका हाम्रा नेताहरू (अपवादलाई छोडेर) लाई थाहा छ ?

> *जनताको सेवा गर्न, देशमा सुशासन ल्याउन, भ्रष्टाचार, अन्याय र अत्याचारको अन्त्य गर्न, देशलाई विकासको फराकिलो महामार्गतर्फ लैजान, गरिबी, अशिक्षा, बेरोजगारीको अवस्थामा आमूल परिवर्तन ल्याई देशमा कृषि, पर्यटन र जलस्रोतको माध्यमबाट आर्थिक क्रान्ति ल्याउनेजस्ता संकल्प सबै बिर्सेर हाम्रा नीति निर्माताहरू केमा निमग्न छन् बारे यहाँ उल्लेख गरिरहनुपर्ने आवश्यकता छैन ।*

भ्रष्टाचारको परिभाषा प्रस्ट नभएको हो अथवा तिनको धमनीमा भ्रष्टाचारकै रगत बग्छ । आजभन्दा झन्डै पाँच दशकअघि पंक्तिकार राजधानीमा आउँदा र आजको राजधानीमा बाँच्नुपर्दा सम्भवतः एउटा पनि सुखद र स्मरणीय परिवर्तनको अनुभव दोहोर्‍याउन सकिने अवस्थामा छैन । पर्यावरण, वातावरण र मानवीय सम्बन्धमा संवेदनशीलता, पानी एवं बजारमा खरिद गरी खानुपर्ने प्रत्येक वस्तुमा मिसावट र प्रदूषणको प्रभाव व्यापक रूपमा अभिवृद्धि भएको छ । यहाँसम्म कि हाम्रो सामाजिक, आर्थिक, वैचारिक र नैतिक आचरणमा समेत कल्पनै गर्न नसकिने अवाञ्छनीय परिवर्तन आएको तथ्यलाई कसरी नकार्नु ?

राष्ट्रिय स्तरको एउटा राजनीतिक दलका महामन्त्रीले अहिलेको राजनीतिक गठबन्धन आमजनताले दिएको जनमतअनुरूप बनेको हो जस्तो अनुत्तरदायित्वपूर्ण टिप्पणी गर्नुभएको समाचारमा पढियो । निर्वाचन सम्पन्न भएकै च ा र महिना हुन लाग्यो । एउटा गठबन्धन ढल्यो । नयाँ बन्यो, निकट भविष्यमा त्यो गठबन्धन पनि ढल्ने निश्चित नै देखिन्छ । सेवाको नभई सत्ताको क्षुद्र लालसा तथा अवैध अर्थोपार्जनको कुत्सित मोहले हाम्रा अधिकांश नीति-निर्माताहरू बौलाइहेको देख्दा कुनै पनि सभ्य र सुसंस्कृत नागरिकले ग्लानिबाहेक अरू केही अनुभव गर्न सक्दैन ।

सम्पूर्ण मुलुक राजनीतिक ब्वाँसाहरूले जनताको हित र कल्याणकारी समाजको सिद्धान्तविपरित सिर्जना गरेको धमिलो पानीमा माछा मारेर आफ्नो स्वार्थ सिद्ध गर्ने कुप्रथाको भर्त्सनाबाहेक अरू केही गर्ने अवस्थामा देखिंदैन । यहाँसम्म कि आफ्ना निजी सचिवहरू नियुक्ति गर्दा पनि आफ्नो अख्तियार दुरुपयोग गरी आफ्नै घरपरिवारका सदस्यहरूमध्येबाट गरिन्छ ।

यसको निवारण त सजिलै छ । स्वकीय सचिवहरूको चयन गर्न लोकसेवा आयोगलाई जिम्मेवारी दिंदा भइगयो । अरू बेला हामीले मुलुकको दिगो विकासका लक्ष्य प्राप्तिमा अनुकरणीय उपलब्धि हासिल गरिसकेका छौं भन्न केही विचार गर्न नपर्ने, तर अन्तर्राष्ट्रिय मञ्चमा गएर हामी त संकटको सामना गरिरहेका छौं, हामीलाई सहयोग गर भन्न पछि नपर्ने हाम्रा नेताहरूको राष्ट्रिय चरित्र बनिसकेको जगजाहेरै छ ।

देशमा जसरी होस्, विगतमा विकास निर्माणका कामहरू बिस्तारै भए पनि, नभएका होइनन् । भएका छन् तर यसका लागि आमजनताले ठूलो मूल्य चुकाउन परेको वैदेशिक सहयोग, ऋण, धान्नै नसक्ने गरी जनताले तिर्ने कर, विदेशबाट रेमिटेन्स र दातृ राष्ट्रहरूले उपलब्ध गराउँदै आइरहेका जिन्सी र नगद सहायताहरूको भरमा कम विकसित राष्ट्रबाट हामी केही हदसम्म माथि उक्लने बाटोमा छौं । तर, यसलाई सुशासनको प्रतिफलका रूपमा लिन सकिँदैन । साक्षरतामा निःसन्देह वृद्धि भएको छ । त्यही अनुपातमा गरिबी बढिरहेको देखिन्छ । नेपाली युवाहरूका लागि रोजगारी बढेको छ (प्रतिदिन १५ सय युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट बिदेसिने गर्छन्) तर स्वदेशमा होइन । नेपाल लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्नुपहिलेका दर्जनौं कलकारखाना कौडीका मोलमा बिक्री भए र बन्द भए ।

अपराध बढिरहेको छ । बैंकहरूको निक्षेप पनि त्यसरी नै बढ्दो छ । उपभोग्य वस्तुहरूको कृत्रिम अभाव र चरम महँगी तथा स्वास्थ्योपचार आमनागरिकको पहुँचभन्दा बाहिरिँदै छ । औषधि उपलब्ध छैनन्, जे छन् तिनको मूल्य दिनहुँ बढ्दो छ । कालोबजारी, ठगी, घुसखोरी र कमिसनतन्त्र निर्वाध फस्टाएको छ । आमजनताले मुलुकमा गणतन्त्र स्थापना गर्न के-कति बलिदान गरे र गणतन्त्रले मुलुकवासीहरूको सकसपूर्ण जीवनलाई सहज बनाउन के दिन सक्यो, यो एउटा गम्भीर बहसको विषय बनेको छ ।

जनताको सेवा गर्न, देशमा सुशासन ल्याउन, भ्रष्टाचार, अन्याय र अत्याचारको अन्त्य गर्न, देशलाई विकासको फराकिलो महामार्गतर्फ लैजान, गरिबी, अशिक्षा, बेरोजगारीको अवस्थामा आमूल परिवर्तन ल्याई देशमा कृषि, पर्यटन र जलस्रोतको माध्यमबाट आर्थिक क्रान्ति ल्याउनेजस्ता

## कञ्चनपुरमा रेबिज...

फैलिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कञ्चनपुरका प्रमुख डाक्टर पानसिंह ठगुन्नाले बताए ।

'कञ्चनपुरमा एक वर्षदेखि रेबिजको प्रकोप बढेको छ,' उनले भने, 'जिल्लाका सबै पालिकामा रेबिजको कारण पशुचौपाया मर्ने क्रम रोकिएको छैन । कञ्चनपुरको भीमदत्त नगरपालिकामा यो महिना मात्रै रेबिजको कारण दुई पशु मरेका छन् भने वेदकोट नगरपालिकामा एक भैसीं मरेको छ । यसैगरी दोधारा-चाँदनी, शुक्लाफाँटा र बेलौरी नगरपारपालिकामा रेबिजको प्रकोप सबैभन्दा बढी देखिएको छ ।

छाडा पशुचौपाया मर्ने र त्यो खान छाडा कुकुर र जङ्गली स्याल आउने हुँदा स्यालबाट कुकुरमा रेबिज सरेको हुन सक्ने पशु चिकित्सले बताएका छन् । यस्तै, मरेको कुखुरा जथाभाफी फाल्दा पनि स्यालबाट छाडा कुकुरमा रेबिज सर्ने र ती छाडा कुकुरले घरपालुवा पशुलाई टोक्दा रबेजिको प्रकोप बढेको डाक्टर ठगुन्नाले बताए । नेपाल सरकारले सन् २०३० सम्म कुकुरबाट मान्छेमा रेबिज सर्ने दर शून्यमा झार्ने लक्ष्य लिएको छ ।

मानिसमा कुकारबाट रेबिज संक्रमण हुने दर ९५ प्रतिशत हुन्छ । तर कुकुरबाट मानिस र अन्य पशुमा रेबिज हुन नदिन सरकारी तवरबाट कुनै प्रयास भएको छैन । छाडा कुकुरमा रेबिज हुने सम्भावना बढी हुने भएकाले घरपालुवा कुकुर बिरालोमा रेबिज विरुद्धको खोप अनिवार्य गर्नुपर्ने र कुकुर पाल्नेले स्थानीय सरकारमा दर्ता गर्नुपर्ने प्रावधान गरे रेबिज संक्रमण शून्यमा झार्न सकिने विज्ञले बताएका छन् ।

यस्तै, छाडा कुकुरको अनिवार्य बन्ध्याकरण गर्ने नियम लगाए छाडा कुकुर र रेबिजको समस्या समाधान हुने भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कञ्चनपुरका प्रमुख डाक्टर ठगुन्नाको भनाइ छ । सन् २०३० सम्म नेपालबाट मात्रै होइन विश्वबाट नै कुकुरबाट मानिसमा रेबिज संक्रमण हुने दर शून्यमा झार्ने लक्ष्य छ तर नेपालमा भने कुकुर तथा बिरालो पाल्नेलाई रेबिज विरुद्धको खोप लगाउनुपर्ने र कुकुर पाल्ने व्यक्तिले दर्ता गर्नुपर्ने प्रावधान स्थानीय तहहरूले अनिवार्य लागु गर्नुपर्ने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कैलालीका प्रमुख डाक्टर हेमराज अवस्थीले बताए ।

# प्रदेश राष्ट्रपति रनिङ शिल्डका लागि बाजुराबाट ७२ जना छनोट

**पोष्ट संवाददाता**

बाजुरा । बाजुराबाट सुदूरपश्चिम प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि ७२ जना खेलाडी छनोट भएका छन् ।

यही फागुन १२ गतेदेखि १४ गतेसम्म खप्तड छेडेदह ७ स्थित दशरथ मा विमा सम्पन्न भएको १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई प्रदेश स्तरीय प्रतियोगिताको लागि छनोट गरिएको जिल्ला खेलकुद समिति अध्यक्ष राकेश थापाले बताएका छन ।

छनोट हुनेमा भलिबलमा छात्रतर्फ योगेन्द्र साँउद, अर्जुन सिंह, मनोज शाही, सागर चदारा,रमेश वि क, लोकेश सार्की, सुनिल सिंह, दिपेन्द्र धामी, पवन गिरी र वैकल्पिकमा यज्ञ नेपाली, तेज सिंह, विनोद रोकाया छनोट भएका छन् ।

यसैगरी छात्रातर्फ भलिबलतर्फ सुचना अएडी, सरिता बुढा, सुजाता बुढा, शान्ति रोकाया, यमुना रोकाया, निर्जला सार्की, ललिता मिजार, सरिता अएडी र वैकल्पिकमा सभ्यता अएडी, चन्द्रा जोशी र रिमा थापा छनोट भएकी छन् ।

त्यस्तै कबड्डीमा छात्रतर्फ निराजन खत्री, पारस गिरी, बलराम बिष्ट, बिरेन्द्र अयडी, चिरञ्जीवी साउद, किशोर अयडी, लोकेन्द्र रोकाया, पवन रोकाया, सन्तोष वि क र वैकल्पिकतर्फ सन्जु वि क गरेर जम्मा १० जना छनोट भएका छन् ।

यसैगरी कबड्डीमा छात्रातर्फ अपेक्षा शाह, सिर्जना बुढा, मिना अयडी, सन्ध्या भारति, प्रवेशिका बोहरा, पवना थापा, अस्मिता रोकाया, निरुता शाही, कल्पना धामी र वैकल्पिकमा आशिका शाही छनोट भएकी छन् ।

त्यस्तै एक सय मिटर दौड छात्रतर्फ बडिमालिका नगरपालिकाका राजु वि क, छात्रातर्फ बडिमालिकाकी पुजा थापा रहेकी छन् । दुई सय मिटर दौडमा छात्रतर्फ बडिमालिका नगरपालिकाका गणेश वि क, छात्रातर्फ बडिमालिका नगरपालिकाकी पुजा थापा नै छनोट भएकी छन् । चार सय मिटर दौडमा छात्रतर्फ बडिमालिका नगरपालिकाका दिपक रावल छनोट भएका छन् । छात्रातर्फ त्रिवेणी नगरपालिकाकी निर्मला सार्की छनोट भएकी छन् ।

आठ सय मिटर दौडमा छात्रतर्फ बुढिगंगा नगरपालिकाका पारस खत्री छनोट भएका छन् भने छात्रातर्फ त्रिवेणीकी सरिता बुढा छनोट भएकी छन् । एक हजार पाँच सय मिटर दौडका लागि छात्रतर्फ बडिमालिकाका पकज बोहरा छनोट भएका छन् भने छात्रातर्फ त्रिवेणीकी सरिता बुढा छनोट भएकी छन् ।

तीन हजार मिटर दौडमा छात्रतर्फ त्रिवेणीका जय बुढा छनोट भएका छन् भने छात्रातर्फ खप्तड छेडेदहकी गौरा धामी छनोट भएकी छन् । हाइजम्पमा छात्रतर्फ त्रिवेणीका अभिषेकअयडी छनोट भएका छन् भने छात्रातर्फ खप्तड छेडेदहकी प्रतिभा बम छनोट भएकी छन् । लङजम्पमा पनि छात्रतर्फ बडिमालिकाका राजु वि क छनोट भएका छन् भने छात्रातर्फ खप्तड छेडेदहकी मनिसा कु कठायत छनोट भएकी छन् ।

त्रिपलजम्पमा छात्रतर्फ बडिमालिकाका राजु वि क छनोट भएका छन् भने छात्रातर्फ खप्तड छेडेदहकी सिर्जना बुढाथोकी छनोट भएकी छन् । ज्याभलिङ थ्रोमा छात्र तर्फ बुढिनन्दाका प्रेम तिरुवा छनोट भएका छन् भने छात्रातर्फ बडिमालिकाकी सिर्जना बुढा छनोट भएकी छन् । सर्टफुटमा छात्रतर्फ गौमुलका महेन्द्र ल्वार छनोट भएका छन् भने छात्रातर्फ बडिमालिकाकी सिर्जना बुढा छनोट भएकी छन् ।

कराँतेमा छात्रतर्फ ४२ केजी समूहमा सहदेव न्यौपाने , ४७ केजी समूहमा गौतम खड्का, ५१ केजी समुहमा कृष्ण जैशी छनोट भएका छन् । यसैगरी कराँतेमा छात्रातर्फ ४० केजी समूहमा राजेश्वरी रोकाया , ४५ केजी समूहमा प्रतिक्षा बोहरा, ५० केजी समूहमा मनिका धराला छनोट भएकी छन् ।

यसैगरी एकलकातामा नवीन थापा र जनवरी रोकाया छनोट भएका जिल्ला खेलकुद समिति प्रमुख लक्ष्मी बडुवालले बताएकी छन । जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भएपनि प्रदेश स्तरीय प्रतियोगिताको मिति भने टुङ्गो नलागेको बताइएको छ ।

## उपराष्ट्रपतिमा सत्ता....

काफ्ले, एकीकृत समाजवादीका प्रकाश ज्वाला, खिमलाल देवकोटा, भानुभक्त जोशी रहनेका छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहितका सत्तारुढ गठबन्धनमै रहेको दल जनमत पार्टीकी नेता ममता झाले पनि उपराष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा जनमत पार्टीका अब्दुल खान, अनिता देवी, नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी, अविराम शर्मा, रुपाकुमारी यादव रहेका छन् । समर्थकमा गोमालाम सापकोटा, विनिताकुमारी सिंह, बसन्तकुमार कुशवाह, रामप्रकाश चौधरी, रानीकुमारी तिवारी रहेका छन् ।

यता नेकपा एमालेबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, छविलाल विश्वकर्मा, गोकर्ण बिष्ट, रघुवीर महासेठ छन् भने समर्थकमा कृष्णगोपाल श्रेष्ठ, महेश बर्तौला, तुलसा दाहाल, भगवती न्यौपाने, यशोदा रिजाल रहेका छन् । उपराष्ट्रपतिको निर्वाचन ३ चैतमा हुँदैछ ।

## राजनीतिक....

संकल्प सबै बिर्सेर हाम्रा नीति निर्माताहरू केमा निमग्न छन् बारे यहाँ उल्लेख गरिरहनुपर्ने आवश्यकता छैन ।

अहिलेका एक जना उदीयमान युवा सांसदले सार्वजनिक रूपमा नै भनिसक्नु भएको छ, "विगतका दुई महिना होटलहरूमा बैठक बसेर बिताइयो । हाम्रा नेताहरूको चासो लेनदेनमा मात्र निहित देखियो ।" देशको यस्तो वियोग, बेथिति र दुर्दशाबाट कोही पनि पुरानो पुस्ताका पट्ट नेताहरू चिन्तित छैनन् । चिन्तित छन् केवल सत्ता कसरी टिकाउने/लम्ब्याउनेबारे ! पदासीनहरूको भत्ता र सुविधा कसरी बढाउनेबारे ! के नीति, के कानुन, तिनले बोलिदिए सदर हुने । अर्थतन्त्र ह्रासोन्मुख छ, गरिब झन्–झन् गरिब बन्दै गइरहेका छन् । यस्तो अवस्थामा मुलुकमा उत्पादकत्व अभिवृद्धि गर्ने, आर्थिक चलखेललाई कडाइका साथ निगरानीमा राख्ने (भाग खोज्ने होइन), कृषि र पर्यटन एवं जलस्रोतको समुचित उन्नयनका लागि सकारात्मक, प्रभावशाली, फलदायी र आमनागरिकलाई प्रत्यक्ष रूपले हितकारी ठहरिने नीतिहरू ल्याइनुपर्ने होइन ?

देशको कृषिजन्य क्रियाकलाप र गतिविधिहरूलाई अनुकूल मौसमले थेगेको छ, पर्यटनलाई प्रकृति र संस्कृतिले एवं जलस्रोत ऊर्जालाई हिमालका हराउँदै गइरहेका हिउँले । संसद्मा उपस्थिति जनाएर भत्ता पकाउने, उपचारका नाममा विदेश जाने र राज्यकोषबाटै उपचार खर्च ठटाउने, खान अनुदानस्वरूप धौधौ भयो भनेर सरकारबाटै विशेष भत्ता गोज्याउने जननेताहरूबाट जनताले केही पनि अपेक्षा गर्ने याम अब रहेन ।

कूटनीति शून्य राजनीति गरेर, सधैं देशभक्त नागरिकलाई दाउमा राखेर, विदेशी दूतहरूको पाउमा ढोगेर, आफू बस्ने महललाई नै देश ठानेर, आफ्ना नातागोता कमिसनदाता र ठेकेदारहरूलाई मात्र आफन्त मानेर मुलुक चल्दैन । देशमा सुशासन ल्याउने र आर्थिक विचलनबाट राष्ट्रलाई जोगाउने हो भने भोलिका दिनमा सरकारले गुटबन्दी छोडेर संसद्बाट विश्वासको मत लिएर सार्वजनिक रूपमा सबैले बुझ्ने स्पष्ट शब्दमा (मिस्रीलेपित होइन), सरकारको नागरिकप्रतिको उत्तरदायित्वलाई नबिर्सीकन सुशासन र आर्थिक उन्नतिका लागि सरकारका भावी कार्यक्रमहरू जनसमक्ष ल्याइनुपर्छ ।

संविधानका धारा र कानुनका दफाहरू फलाकेर अन्यायको उन्मूलन हुँदैन । आफ्नो नैतिकताको धरातलमा उभिएर मात्र न्याय र अन्याय छुट्ट्याउने सामर्थ्य हुनुपर्छ सरकारमा । पहिले त न्याय नपाए गोरखा जानू भन्थे । अहिले कहाँ जाने ? सबै ठाउँ त राजनीतिक ग्रहणले ग्रसित छन् । दलीय पूर्वाग्रहले गर्दा आफ्नै समाज र समुदायभित्र पनि आमनेपालीको आर्तनादको भाषा बुझ्ने विरलै भेटिन्छन् । **(साभार : कारोबारडेलीबाट)**

## ब्याँसमा खाद्य....

क्षेत्रमा खाद्यान्न ढुवानीको व्यवस्था गरिदिन गाउँपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय दार्चुलालाई आग्रह गरेको छ ।

सडकको पहुँच नहुँदा व्यासको माथिल्लो क्षेत्रमा अहिले खाद्यान्न अभाव हुन थालेको व्यास गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह कुँवरले जानकारी दिए । तत्काल खाद्यान्न आपूर्ति हुन नसके व्यास क्षेत्रमा खाद्यसङ्कट हुने देखिएको उनको भनाइ छ ।

खेतबारीको उत्पादनले तीन महिनासम्म खान नपुग्ने स्थानीय बासिन्दालाई नेपाल र भारत दुवै ठाउँबाट खाद्यवस्तु ल्याउन समस्या छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय दार्चुलाका प्रमुख रामसागर मेहताले सुन्सेरा र सिनाको लागि चामल पुर्याउन धनगढीबाट दार्चुला ल्याउने पहल भइरहेको बताए ।


### चौमाला बहुमुखी क्याम्पस
### गौरीगंगा नगरपालिका वडा नं. २
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**सुचीकृत हुने सम्बन्धमा**

प्रकाशित मिति : २०७९/११/२८

प्रस्तुत विषयमा चौमाला बहुमुखी क्याम्पस, चौमाला, कैलालीका लागि यस आर्थिक वर्ष २०७९/८० मा 50 Seater Campus Bus खरिद गर्ने कार्यका लागि 50 Seater Campus Bus उत्पादन गर्ने कम्पनी वा त्यसको अधिकृत र आधिकारिक बिक्रेताहरुको सुची तयार गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को ८(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम सुचि दर्ता गर्न देहायका कागजातहरुको प्रतिलिपि संलग्न गरि सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा ७ (सात) दिनभित्र निवेदन पेश गर्नु हुन जानकारी गरिन्छ ।

**तपसिल :**

१) संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण भएको)
२) स्थाई लेखा नम्बर वा मूल्य अभिवृद्धिकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४) आवश्यकता अनुसारको व्यवसायिक ईजाजत पत्रको प्रतिलिपि
५) आधिकारीक अधिकृत बिक्रेताको प्रमाण पत्र
६) अन्य आवश्यक कागजपत्र



### मालिका माध्यमिक विद्यालय
### गौरीगंगा नगरपालिका वडा नं. २
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**सुचीकृत हुने सम्बन्धमा**

प्रकाशित मिति : २०७९/११/२८

प्रस्तुत विषयमा मालिका माध्यमिक विद्यालय, चौमाला, कैलालीका लागि यस आर्थिक वर्ष २०७९/८० मा 50 Seater School Bus खरिद गर्ने कार्यका लागि 50 Seater School Bus उत्पादन गर्ने कम्पनी वा त्यसको अधिकृत र आधिकारिक बिक्रेताहरुको सुची तयार गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को ८(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम सुचि दर्ता गर्न देहायका कागजातहरुको प्रतिलिपि संलग्न गरि सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा ७ (सात) दिनभित्र निवेदन पेश गर्नु हुन जानकारी गरिन्छ ।

**तपसिल :**

१) संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण भएको)
२) स्थाई लेखा नम्बर वा मूल्य अभिवृद्धिकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४) आवश्यकता अनुसारको व्यवसायिक ईजाजत पत्रको प्रतिलिपि
५) आधिकारीक अधिकृत बिक्रेताको प्रमाण पत्र
६) अन्य आवश्यक कागजपत्र



### बिमालेख हराएको सुचना

धनगढी चौराहा देखि क्याम्पस रोड जाने क्रममा मिति २०७९/१०/१५ गते रोशन बिष्टको नाममा रहेको नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि.को ५०२००६४९५ नम्बरको बिमालेख हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न मोबाइल नम्बरमा सम्पर्क गरी दिनहुन अनुरोध छ ।

सम्पर्क नं. :
९८२५६०८५८९
धनगढी-३, विशालनगर



छोरा र छोरी बिच भेदभाव नगरौं ।
सभ्य नागरिकको परिचय दिऔं ।



### खुशीको खबर ! खुशीको खबर !!

*"सीप सिकौं आत्मनिर्भर बनौं ।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**


## २०७९ यस्तो छ तपाईको राशिफल फागुन २८

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
मानप्रतिष्ठा बढ्न् समय आएको छ । पढाइ लेखाई तथा यात्राकोलागी उपयुक्त समय छ । भेटघाटको समय नजिक छ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
तपाइको लागि प्रगति गर्ने दिन आएको छ । महिनाको पहिलो दिन देखिनै काम गर्ने उत्साह जागृत हुनेछ ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
आजको दिनको यात्रा केहि कष्टकर हुनेछ । शुभारम्भदेखिनै परिश्रम बढि ,पर्ने खालका काम सम्पन्न गर्नुपर्नेछ ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
शिर भागमा पिडा हुनसक्छ । खानपिन प्रती ज्यादै सचेत हुनुपर्नेछ । सामान्य काममा पनि खर्च र झंझट ब्यहोर्नु पर्नेछ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
राम्रो ठाउँको यात्रा हुने समय आएको छ। बैदेशिक कारोबारमा कमजोरी हुने अवस्था आएको छ । जागीरमा भनाभन सहनु पर्ला।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
कामकाजको दाईत्व थपिने छ । अरुले गरेका कामको जसश अपजश पनि ब्यहोर्नु पर्ला, साबधानि अपनाउनु ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
सरकारको तर्फबाट बिशेष पदप्रतिष्ठा प्राप्त हुने समय छ । धार्मिक तथा सामाजीक कामकाजमा सफलता मिल्ने छ ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
ठुलो काममा लगानी गर्न मन डराउने छ । अरुको सल्लाह अनुसार मात्रै अगाडि बढ्नु होला ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
यतिवेला तपाईका विरोधिहरु सक्रिय हुने देखिन्छ । आफ्नो आन्तरीक कुरा कसैलाई पनि नदिनु वेश होला ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
शत्रु पराजित हुनेछन । काममा आत्मबल बढ्नेछ । बिचार र ब्यबहारमा सामाञ्जश्यता आउनेछ ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
सन्तानबाट आवश्यक सहयोग मिल्ने देखिन्न । यात्राको लागी उपयुक्त मय छैन विचार गर्नुहोला ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
स्वास्थ्य प्रति बढि सचेत रुहनु पर्नेछ । नपत्याँउदा ब्यक्तिबाट पनि उचित सहयोग प्राप्त हुनेछ । खर्च बढ्ने समय छ ।


पत्रिका मागेर होईन किनेर बढौं ।

# ब्रोड भिजनको २६औं वार्षिकोत्सव सम्पन्न



**पोष्ट संवाददाता**

धनगढी । धनगढी-३ चटकपुर स्थित ब्रोड भिजन इन्टरनेशनल एकेडेमीको २६ औं वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम सम्पन्न भएको छ ।

एकेडेमीले शनिबार विविध कार्यक्रम गरी आफनो २६ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको हो। विद्यालयका फाउण्डर लक्ष्मीप्रसाद पन्तको अध्यक्षतामा भएको वार्षिकोत्सव कार्यक्रमको प्रमुख अतिथि सुदुरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशी रहेका थिए ।

प्रमुख जोशीले शिक्षाको माध्यामबाट मात्रै परिर्वतन सम्भव भएको बताए। उनले गुणस्तरिय र योग सुहाउँदा शिक्षामा जोड दिनुपर्नेमा जोड लिएका छन् । उनले बोर्ड भिजनले लामो समयसम्म यहाँको शिक्षामा खेलेको भूमिकाप्रति प्रसंसा व्यक्त गरे ।

सुदूरपश्चिम प्रदेशका पुर्वमन्त्री प्रकाश शाहले बोर्ड भिजनले शिक्षामा पुगाएको योगदानको प्रसंसा गरे । उनले शिक्षाको गुणस्तरका लागि विद्यालयको मात्र भूमिका नभएर अभिभावकको पनि उत्तिकै भूमिका रहने बताए ।

कार्यक्रममा वार्षिकोत्सवको अवसरमा सम्पन्न भएको अतिरिक्त क्रियाकलाप अर्न्तगत विभिन्न प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कृत समेत वितरण गरिएको थियो । विद्यालयका प्रिन्सिपल रामसिंह साउँदले स्वागत गरेको कार्यक्रममा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको उपकुलपतिमा डा. टिएन जोशी, राष्ट्रिय मानव अधिकारी आयोग सुदूरपश्चिम कार्यालयका कार्यालय प्रमुख हरिप्रसाद ज्ञवाली, बाल्मिकी इन्टरनेश्नल एकेडेमीका अध्यक्ष दिनेश भण्डारी, ऐश्वर्य विद्या निकेतनका शिक्षक नरेन्द्रप्रसाद भट्ट लगायतले शुभकामना व्यक्त गरेका थिए ।

यस्तै गरी बोर्ड भिजनकी पूर्व शिक्षिका मेघा भट्ट, अभिभावक जयबहादुर कुँवर, पूर्व विद्यार्थी नविना खड्का र विद्यार्थी करुणा कापडीले पनि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा शुभकामना राख्ने सबैले बोर्ड भिजनले शिक्षा क्षेत्रमा पुगाएको योगदानको प्रसंसा गरेका थिए । कार्यक्रममा २०५३ सालमा स्थापना भएको विद्यालयले आउने शैक्षिक सत्रबाट थप परिमार्जित गर्दै अगाडि बढ्ने तयारीमा गरेको छ ।

कार्यक्रमको सञ्चालन शिक्षक दिनेश भट्टले गरेका हुन् । वार्षिकोत्सव कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांगेतिक कार्यक्रमहरु समेत प्रस्तुत गरेका थिए । कार्यक्रममा धनगढी उपमहानगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष राजबहादुर ऐर, समाजसेवी प्रकाश भट्ट, अभिभावक, विद्यार्थी, शिक्षक, पत्रकारहरु लगायत विभिन्न व्यतित्वहरुको सहभागिता रहेको थियो ।

# उपराष्ट्रपतिमा सत्ता गठबन्धन बाटै ३ जनाको उम्मेदवारी

**पोष्ट संवाददाता**

धनगढी । उपराष्ट्रपतिमा सत्तारुढ दलहरुकै गठबन्धनबाट ३ जना र एमालेको एक गरी ४ जनाको उम्मेदवारी परेको छ ।

सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी, नेपालबाट २ जना र जनमत पार्टीबाट १ गरी तीन जनाको उम्मेदवारी परेको हो । जसपाबाट जसपा संसदीय दलका नेता रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी दर्ता भएको छ । प्रमिला यादवको प्रस्तावकमा रञ्जु झा, मृगेन्द्रकुमार सिंह यादव, नवलकिशोर शाह, दीपक कार्की, राजकिशोर यादव रहेका छन् ।

उर्मिला राईको समर्थकमा अनिता देवकोटा, विमला सुवेदी, सीता गुरूङ, जयन्ती राई, मनिष सुमन रहेका छन् ।

त्यस्तै रामसहायप्रसाद यादवको प्रस्तावकमा जसपा नेता अशोककुमार राई, प्रदीप यादव, एकीकृत समाजवादीका किसान श्रेष्ठ, माओवादी केन्द्रका शक्ति बस्नेत र नेपाली कांग्रेसका रमेशजंग रायमाझी छन् । समर्थकमा जसपाकी रेखा यादव, अम्बिका**(बाँकी३पेजमा)**

# आलुको बीउ भण्डारण केन्द्र बनेपछि किसानलाई सहज

**जगदिश रोकाया**

बझाङ । बझाङको सुर्मागाँउपालिका वडा नँ-१ घर भएका रङ्गे बोहराको गतवर्ष आलुको बीउ राख्ने उपयुक्तठाँउ नहुदा बीउको आलु कुहेर नस्ट भयो । उनको जस्तै गाउँमा धेरै किसानले आलुको बीउ कुहिदा समस्या खेप्नु परेको थिए ।

आलु खेती व्यावसायगर्ने किसानसंग आलुको बीउ राख्ने उपयुक्त ठाँउ नहुँदा परम्परागत बीउ भण्डारण गर्नुपर्ने बाध्यता रहेको थियो । त्यसरी आलुको बीउ राख्दा कुहिने जोखिम धेरै हुने गरेको थियो । तर जिल्लामा आलुको बीउ राख्ने आधुनिक प्रविधिको रस्टीक स्टोर (आलु बीउ भण्डारण घर) बनेपछि भने सुर्माका रङ्गे बोहरा जस्ता धेरै किसानलाई बीउ कसरी जोगाउने भन्ने चिन्ता हटेको छ ।

सुर्मा गाँउपालिकामादुईवटा आलु बीउ भण्डारण घर बनाएपछी किसानहरुले बीउको लागी छनोट गरेका आलु भण्डारण घरमा राख्ने गरेका छन । पहिला बीउ राख्दा डोको, बोरा, माटोको खाल्डो, काठको बाक बनाए राख्ने गदैथ्यौं,' बोहराले भने, 'त्यसरी राख्दा धेरै आलु कुहिने संभावना हुने गरेको थियो, तर अहिले त्यो समस्या हटेको छ ।'

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाले सुर्मामा आधुनिक प्रविधिको रस्टिक स्टोर (आलु बीउ भण्डारण घर) बनाई दिएको बोहराले बताए । सुर्मा गाँउपालिकामा बनेकाआलु बीउ भण्डारण केन्द्र ८० क्युन्टल क्षमतका रहेका छन् ।

सुर्मा जस्तै आलु खेती बढीहुने स्थान जयपृथ्वी नगरपालिकाको पुगर, तलकोट गाँउपालिकाको किदन्न, छबिसपाथिभराको थलारा, विथ्थडचिरको.विथ्थड पाटन,मा समेत यस्ता आलु बीउ भण्डारण घर निर्माण भएका छन ।

परम्परागतरुपमा बझाङ जिल्लामा आलु खेती गरीदै आएको भएपनि पछिल्लो समयमा नेपाल सरकारले बझाङ जिल्लालाई आलु जोन क्षेत्र घोषणा गरी पकेट ब्लक जोन क्षेत्र निर्धारण गरेको छ । सो अन्तरगत बझाङमा प्रधानमन्त्री कृषी आधुनिकरण परियोजना साथैं जिल्ला कृषि ज्ञान केन्द्र र अन्य संघ सस्थाहरुले पनी आलु खेति पबर्द्धनमा जोड दिंदै आएका छन्

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाका निमित्त कार्यालय प्रमुख हर्कदेव जोशीका अनुसार आलुको उत्पादन बढाउन र खेंतिगर्ने विधिको जानकारी दिन परियोजनाले काम गर्दै आएको छ । आलु उत्पादन हुने गाँउवस्तिमा किसानलाई तालिम उन्नत बीउ स्थानीय बीउको स्तरीकरण बीउ भण्डारण घर बीउउ सँङ्कलन केन्द्र तथा आलु बजारीकरणको पनि व्यावस्थापन गर्ने गरिएको निमित्त प्रमुख जोशीले जानकारी दिए । हाल बझाङ जिल्लाका अधिकांस किसान प्रमरपरागत कृषि पेशालाई छोडेर ब्यावसायीक कृषि पेशामा आकर्षण भईरहेका छन् ।

# कैलालीका ६ पालीकामा चैते धान खेती विस्तार गरिँदै

**पोष्ट संवाददाता**

धनगढी । कैलालीमा यस वर्ष एक हजार एक सय हेक्टरमा चैते धान खेती विस्तार हुँदैछ । कृषि ज्ञान केन्द्र कैलाली, स्थानीय सरकार र रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषितर्फको सहयोग तथा किसानको आफ्नै पहलमा उक्त क्षेत्रफलमा चैते धान खेती गर्न थालिएको हो।

कृषि ज्ञान केन्द्र कैलालीको अनुदान सहयोगमा विभिन्न २२ वटा कृषक, कृषि सहकारी र समूह गरी मुख्यमन्त्री नमूना कृषि गाउँ, ब्लक प्रर्दशन, धानबाली प्रवर्द्धन र चैते धान खेती विस्तार कार्यक्रमअन्तर्गत कैलालीमा चैते धान खेती हुँदैछ। धान खेती भजनी, टीकापुर, घोडाघोडी नगरपालिका, कैलारी, जोशीपुर, जानकी र बर्दगोरिया गाउँपालिकामा गरिँदैछ ।

जसमध्ये वर्खामा डुबान हुने क्षेत्रमा धेरै क्षेत्रफलमा चैते धान खेती भइरहेको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत रामनारायण चौधरीले बताए। "बाढीले डुबान हुने क्षेत्रलाई चैते धानमा बढी प्रोत्साहन गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "भजनी कैलालीको सबैभन्दा बढी चैते धान लगाउने पालिका हो । भजनीसहित केही पालिकामा बर्सातमा बाढीले जलमग्न हुने भएकाले चैते धान विकल्पका रुपमा गर्ने गरिएको छ।"यस्तै सङ्घीय सरकारको सहयोगमा धान खेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानको आवेदन सङ्कलनको काम भइरहेको कृषि ज्ञान केन्द्र कैलालीले जनाएको छ ।

स्थानीय तहहरूले किसानको मागका आधारमा चैते धान खेती कार्यक्रम सञ्चालन गरेका छन् भने रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषितर्फले चैते धान खेतीका लागि किसानसँग आवेदन माग गरेका छ ।जसअनुसार अहिले टीकापुर क्षेत्रमा चैते धान खेती सहयोगका कार्यक्रम रहेका आयोजनाका बाली विकास अधिकृत जयबहादुर महतराले बताए ।"सिँचाइ आयोजना कृषितर्फले हरेक वर्ष धान खेती प्रोत्साहनमा सघाउँदै आएको छ । यस वर्ष चैते धानका लागि पनि किसानलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रम छन्", उनले भने, "अहिलेसम्म दुई हेक्टरलाई माग आएको छ ।

धान खेतीका लागि किसानलाई बीउ, मल, प्राविधिक ज्ञान, उपकरणजस्ता कुरामा आयोजनाले सहयोग गर्ने गरेको छ ।" आयोजनाले किसानलाई चैते धान खेतीको लागि बीउ तथा यान्त्रीकरणमा ५० प्रतिशत अनुदान दिएको छ । सिँचाइ सुविधा सहज भएको ठाउँमा चैते धान खेतीको उत्पादन प्रतिहेक्टर ६० क्विन्टलसम्म रहेको प्राविधिक बताउँछन् ।चैते धान खेतीले खाद्यान्न उत्पादनसँगै बाह्यबाट आउने चामल आयात प्रतिस्थापन गर्नमा सहयोग पुऱ्याउने बाली विकास अधिकृत रामनारायण चौधरीले बताए । चैते धानको उत्पादनसँगै बजार सहज भएकाले पछिल्ला वर्षमा चैते धान खेती गर्ने किसान बढ्दै गएका छन् ।

# कञ्चनपुरमा रेविज संक्रमित सामुदायिक पशुको संख्या बढ्दै

**पोष्ट संवाददाता**

कञ्चनपुरमा एक वर्षदेखि रेबिजको प्रकोप देखिएको छ । जिल्लाका सबै पालिकामा रेबिजका कारण पशुचौपाया मर्ने गरेका छन्। गत फागुनदेखि अहिलेसम्म जिल्लाका ४०३ पशुचौपायालाई रेबिज लागेको 'बहुलाह' कुकुर र स्यालले टोक्दा पोष्ट बाइट भ्याक्सिन लगाइएको छ भने २३ पशुचौपाया रेबिजको संक्रमणले मरेका छन् । कञ्चनपुरमा एक वर्षदेखि रेबिजको प्रकोप **(बाँकी ३पेजमा)**

निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

उपलब्ध विशेषज्ञ सेवाहरू...

**नवजात शिशु तथा बालरोग सेवा**
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

**हाडजोर्नी तथा नसा रोग सेवा**
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भांचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरुको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

**जनरल मेडिसिन (फिजिसियन) सेवा**
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

**जनरल तथा दुरबिन बाट अप्रेशन सेवा**
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

**स्त्री तथा प्रसुती रोग सेवा**
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

**भिडियो एक्स-रे सेवा**
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

**मानसिक तथा नशा रोग सेवा**
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

**मुख, अनुहार तथा बङ्गारा रोग सेवा**
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

**नाक, कान, घाँटी रोग सेवा**
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

**छाला, यौन रोग तथा सौन्दर्य सेवा**
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

**मृगौला तथा मुत्र रोग सेवा**
मृगौला रोग विशेषज्ञ (नेफ्रोलेजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलेजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

**न्युरो तथा मस्तिस्क रोग सेवा**
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।



सघन उपचार (ICU) सेवा | नवजात शिशु (NICU) सेवा | बाल सघन (PICU) सेवा | कृतिम स्वास प्रस्वास (Ventilator) | २४ सै घण्टा अप्रेशन सेवा | साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर,धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी